2nd October, 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्रीद्वारा 9 हजार 6 सय करोडका सरसफाइ परियोजनाहरूको शुभारम्भ; स्वच्छ भारतलाई जनआन्दोलन बनाउने गर्नुभयो आह्वान
- प्रधानमन्त्रीद्वारा महात्मा गान्धी र लालबहादुर शास्त्रीलाई श्रद्धाञ्जली अर्पण
- पुणेमा हेलिकप्टर दुर्घटना हुदा 2 जना पाइलट अनि एक इन्जिनियरको मृत्यु
- भारतको खो खो महासंघ र अन्तर्राष्ट्रिय खो खो महासंघले गर्यो खो खो विश्वकप 2025 भारतमा हुने घोषणा
- अरुणाचल प्रदेश पुलिस र राजीव गान्धी विश्वविद्यालयबीच सम्झौता अन्तर्गत ट्रमा पीडितहरूको लागि एउटा Healing center स्थापना गरिने

प्रधानमन्त्रीद्वारा 9 हजार 6 सय करोडका सरसफाइ परियोजनाहरूको शुभारम्भ; स्वच्छ भारतलाई जनआन्दोलन बनाउने गर्नुभयो आह्वान

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज 9 हजार 6 सय करोड रुपियाँका सरसफाइसम्बन्धी विभिन्न परियोजनाहरूको शुभारम्भ गर्दै स्वच्छ भारतलाई जनआन्दोलन बनाउन देशवासीलाई आह्वान गर्नुभएको छ। स्वच्छ भारत मिसनको 10 वर्ष पूरा भएको अवसरमा नयाँ दिल्लीमा आयोजित 'स्वच्छता ही सेवा 2024' कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्रीले 140 करोड भारतीयहरूको अटुट भावना र जनसहभागिताको प्रशंसा गर्नुभयो। उहाँले सरसफाइलाई जीवनभरको प्रतिज्ञा बनाउँदै जनतालाई आफ्नो दैनिकीमा सरसफाइलाई अभिन्न अंग बनाउन आग्रह पनि गर्नुभयो।

प्रधानमन्त्री श्री मोदीले विश्वका विभिन्न भागहरूमा पनि सरसफाइ अभियानहरू चलिरहेको जनाउँदै यस अभियानमा विभिन्न राज्यका मुख्यमन्त्री, मन्त्री र अन्य प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको जानकारी दिनुभयो। उहाँले सेवा पखवाडामा 15 दिनको अवधिमा 27 लाखभन्दा बढी कार्यक्रमहरू आयोजना भएको र 28 करोडभन्दा बढी व्यक्तिहरू सहभागी भएको बताउनुभयो।

प्रधानमन्त्रीले महात्मा गान्धीको सपना साकार पार्न स्वच्छता अभियानको महत्त्वलाई जोड दिनुभयो। उहाँले यस अभियानमा देशवासी, सरसफाइ कार्यकर्ता, खेलाडी, प्रसिद्ध व्यक्ति, गैरसरकारी संस्था र सञ्चारकर्मीहरूको योगदानको विशेष सराहना गर्नुभयो।

10 हजार करोड रुपियाँ लागतका परियोजनाहरूको उल्लेख गर्दै उहाँले अमृत मिसन अन्तर्गत सहरहरूमा पानी र ढल प्रशोधन केन्द्रहरू स्थापना गरिने बताउनुभयो। नमामि गंगे र गोबरधन योजनाहरूले स्वच्छ भारत मिसनलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास पनि प्रधानमन्त्रीले व्यक्त गर्नुभयो।

उहाँले 21औँ शताब्दीको भारतलाई अध्ययन गर्दा स्वच्छ भारत अभियानलाई इतिहासले पक्कै सम्झने बताउनुभयो। स्वच्छ भारत मिसन विश्वकै सबैभन्दा ठूलो, जनसहभागितामा आधारित र यस शताब्दीको सबैभन्दा सफल आन्दोलन भएको पनि उहाँले उल्लेख गर्नुभयो।

<u>प्रधानमन्त्रीद्वारा महात्मा गान्धी र लालबहादुर शास्त्रीलाई श्रद्धाञ्जली अर्पण</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज महात्मा गान्धीको 155 औँ जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा प्रधानमन्त्री श्री मोदीले बापुको सत्य, एकता र समानतामा आधारित जीवन र आदर्शहरूले सधैं देशवासीहरूलाई प्रेरणा दिने उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री श्री  मोदीले पूर्व प्रधानमन्त्री स्वर्गीय लालबहादुर शास्त्रीको एक सय 20 औँ जन्मजयन्तीको अवसरमा पनि श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाँले स्वार्गीय  शास्त्रीले आफ्नो जीवन,  सैनिक, किसान र देशको आत्मसम्मानका लागि समर्पित गर्नुभएको बताउनुभएको छ।

<u>सिक्किम राज्यमा पनि महात्मा गान्धीको 155 औँ जन्मजयन्ती पालन</u>

भारतको अन्य राज्यहरूमा झैं सिक्किम राज्यमा पनि महात्मा गान्धीको 155 औँ जन्मजयन्ती पालन भयो। यस अवसरमा राज्यपाल श्री  ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ-गोलेले सिक्किमको गान्तोकमा महात्मा गान्धीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो । सिक्किमको राजधानी गान्तोकमको एमजी मार्गमा आयोजित महात्मा गान्धीको जन्मजयन्तीको कार्यक्रमपछि 'स्वच्छता ही सेवा' अभियानको समापन पनि भएको थियो ।  गान्धीजीको सरसफाई र सेवाको विरासतलाई सम्मान गर्दै स्वभाव स्वच्छता-  संस्कार स्वछता अभियान सुरु गरिएको छ।सोही अवसरमा सरसफाई कार्यमा सम्लग्न विभिन्न पुरस्कारहरु पनि वितरण गरिएको छ ।  सबैभन्दा स्वच्छ सहरी स्थानीय निकायको रुपमा, मङ्गन नगर पञ्चायत 10 लाख रुपैयाँले पुरस्कृत भएको छ।  स्वच्छता green leaf rating system अन्तर्गत, सफाई कर्मचारी, ग्राम पञ्चायत र state सर्किट हाउसलाई पनि पुरस्कार प्रदान गरिएको थियो। स्वाच्छ शहर अभियान अन्तर्गत सर्वश्रेष्ठ अवार्ड नाम्चीको स्वंयम-सहायता समूहलाई प्रदान गरिएको छ ।

## पुणेमा हेलिकप्टर दुर्घटना हुदा 2 जना पाइलट अनि एक इन्जिनियरको मृत्यु।

महाराष्ट्रको पुणेस्थित बावधनमा आज बिहान हेलिकप्टर दुर्घटना भएको छ। यो हेलिकप्टरले मुम्बईको लागि उडान भरेको थियो। प्राप्त जानकारी अनुसार बिहान लगभग 7 बजे भन्दा अगाडि यो दुर्घटना भएको हो। यस दुर्घटनामा दुई पाइलट र एक इन्जिनियरको मृत्यु भएको पुलिसले पुष्टि गरेको छ। स्थानीय संयुक्त पुलिस आयुक्त श्री शशिकांत महावरकरले बताएअनुसार हेलिकप्टर अक्सफोर्ड गल्फ कोर्स रिसोर्टबाट मुम्बाई स्थित जुहुको लागि उडान भरेको थियो। स्थानीयवासीबाट प्राप्त जानकारी अनुसार हेरिटेज एभिएसनको हेलिकप्टरले उडान भर्दा कुहिरो लागेको थियो र यसैको कारण दुर्घटना भएको अनुमान लगाईएको छ।

## भारतको खो खो महासंघ र अन्तर्राष्ट्रिय खो खो महासंघले गर्यो खो खो विश्वकप 2025 भारतमा हुने घोषणा

भारतको खो खो महासंघ-KKFI र अन्तर्राष्ट्रिय खो खो महासंघले खो खो विश्वकप 2025 भारतमा हुने घोषणा गरेको छ। यस प्रतियोगितामा 6 वटा महाद्वीपबाट 24 वटा देशको सहभागिता रहने छ जसमा 16 पुरुष टोली र 16 महिला टोलीको सहभागिता रहनेछ। KKFI ले विश्वकप अघि खेलको प्रवद्र्धनका लागि 10 सहरका दुई सय विद्यालयमा खो–खो खेल आयोजना गर्ने योजना बनाएको छ। महासंघले मेगा टुर्नामेन्ट अगावै करिब 50 लाख खेलाडीहरुलाई पंजीकृत गर्ने लक्ष्यका साथ विद्यालयका विद्यार्थीहरुका लागि सदस्यता अभियान पनि सञ्चालन गर्नेछ। प्रतियोगितामा विश्वभरका शीर्ष खेलाडीहरू समावेश गरी एक हप्ता लामो म्याचहरूको शृङ्खला हुनेछ। खो खो विश्वकपको उद्देश्य यो स्वदेशी भारतीय खेललाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्नु हो। खो खो- मुलतह भारतसँग जोडिएको छ। यो विश्वकप भारतमा आयोजना गर्नाले खो-खो खेलको समृद्ध सांस्कृतिक सम्पदा र प्रतिस्पर्धात्मक भावनालाई उजागर गर्नेछ।

अरुणाचल प्रदेश पुलिस र राजीव गान्धी विश्वविद्यालयबीच सम्झौता अन्तर्गत ट्रमा पीडितहरूको लागि एउटा Healing center स्थापना गरिने

गान्धी जयन्तीको अवसरमा आज इटानगरमा अरुणाचल प्रदेश पुलिस र राजीव गान्धी विश्वविद्यालयबीच सम्झौता भएको छ जस अन्तर्गत, ट्रमा पीडितहरूको लागि Ane's Home - A Healing center स्थापना गरिनेछ। यस केन्द्रले यौन दुर्व्यवहार, घरेलु हिंसा र अन्य आघात पीडितहरूलाई आश्रय, संरक्षण र न्याय प्रदान गर्ने क्षेत्रमा काम गर्नेछ। यस केन्द्रमा पुस्तकालय, अडिटोरियम, फिटनेस सेन्टर, बाल संरक्षण कक्ष, कानूनी सहायता क्लिनिक, काउन्सिलिङ सेन्टर, ट्रमा पीडितका लागि जिम र क्याफेटेरियाको सुविधा उपलब्ध हुनेछ। राजीव गान्धी विश्वविद्यालयले यस पहलमा मुख्य भूमिका खेल्नेछ र विशेषज्ञता र समर्थन प्रदान गर्नेछ। सामाजिक कार्य, मनोविज्ञान, राष्ट्रिय सुरक्षा अध्ययन र कानून विभागका स्वयंसेवकहरूले आघात पीडितहरूलाई मद्दत गर्न परामर्श केन्द्रमा आवश्यक सहयोग प्रदान गर्नेछन्।

रुसी सेनाले युक्रेनको पूर्वी सहर वुहलेदारमा पूर्ण कब्जा

रुसी सेनाले युक्रेनको पूर्वी सहर वुहलेदारमा पूर्ण कब्जा जमाएको छ। करिब दुई वर्षअघि रुसले हमला सुरु गरेयता युक्रेनी सेनाले सहरको रक्षा गर्दै आएका थिए। युक्रेनको पूर्वी सैन्य कमाण्डले आज पुष्टि गरेको छ कि उनीहरूले वुहलेदारका केही भागमा अझै लडिरहेका सैनिकहरूलाई घेराबन्दीबाट बच्नका लागि पछि हट्न निर्देशन दिएका छन्।